**शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल**
**साधारण सदस्यता प्रदान सम्वन्धी सुचना**

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल (NCE Nepal) सदस्यतामा आधारित शिक्षा अधिकारको सवालमा कृयाशिल एक संजाल हो । सन् २००३ मा स्थापित यस सस्थामा हाल सम्म शिक्षा र बालबालिकाको क्षेत्रमा काम गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ/सस्था, समुदायमा आधारित सस्था, शिक्षक तथा पत्रकारको क्षेत्रबाट समेत गरि ३६४ सस्थाहरु आवद्ध रहेका छन । शिक्षा मानव अधिकार हो भन्ने मुल मान्यता स्थापित गर्न र नेपालको संविधानले सुनिश्चित गरेको अनिवार्य र निशुल्क शिक्षाको मौलिक हकलाई कार्यन्वयनको निमित्त यस सस्थाले अभियानमा आधारित कृयाकलापहरु संचालन गर्दछ ।

यस अभियानलाई अझ उर्जावान, गतिशिल र सशक्त बनाउन यसले ईच्छुक संघ सस्थाहरुलाई सदस्यता प्रदान गर्ने गर्दछ । तर्सथ निम्म योग्यता पुगेका संघ तथा सस्थाहरुबाट सदस्यताको निवेदन आह्वान गरिन्छ ।

**आवेदनको लागि योग्यता**

- एनसिई नेपालको विधानको धारा (७) अनुसार नेपालको कानुन बमोजिम दर्ता वा आवद्ध भई सार्वजानिक शिक्षाको पक्षमा कम्तिमा २ बर्ष काम गरेको । महिला, दलित, आदिवासी, जनजाति, अपांग, तेश्रो लिंग, मधेशी तथा अन्य सिमान्तकृत वर्ग संग कार्य गरेको ।
- कुनै प्रदेशका कम्तिमा तीन जिल्लामा काम गरिसकेको वा दुई वटा प्रदेशका कम्तिमा दुई-दुई जिल्लामा कार्यक्रम संचालन गरेको ।
- सार्वजनिक शिक्षा सुदृढीकरणको अभियानमा काम गरेको अनुभव भएको ।
- नेपालको प्रचलित कानुन अनुसार नवीकरण भएको ।

**आवेदनको साथ आवश्यक कागजात**

- पूर्ण रुपमा भरिएको सदस्यता आवेदन -आवेदन एनसिई नेपालको वेभसाईटमा प्राप्प्त हुने छ, अर्थात एनसिई सचिवालयबाट समेत प्राप्त गर्न सकिने छ ।
- संस्थाको विधान,
- विगतका कम्तिमा २ बर्षको संस्थाको बार्षिक प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन
- कार्यसमितिको विवरण
- सदस्य हुन चाहेको कार्य समितिको निर्णय र ईच्छा पत्र
- संस्थाको अद्यावधिक प्रोफाईल
- एनसिई नेपालका कम्तिमा २ साधारण सभा सदस्यबाट सिफारिस

नोटः सदस्यताको निवेदन **२०७६ फालुन १५ गते सम्म** एनसिई नेपालको ईमेल मार्फत पठाउन वा सचिवालयमा दर्ता गराउन सकिने छ । सदस्यता प्रदान सम्वन्धि सर्वाधिकार एनसिई नेपालको कार्यसमितिलाई हुनेछ ।

शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल
काठमाडौ
ईमेलः info@ncenepal.org.np
वेभसाईटः ncenepal.org.np